# आमसञ्चार नीति, २०८२

**प्रस्तावना :–**

नेपालको संविधान (२०७२) मा व्यवस्था भएअनुरुप नागरिकको सूचना पाउने अधिकारलाई सुनिश्चत गर्न, सञ्चारमाध्यमको स्वतन्त्रताको संरक्षणका निम्ति आवश्यकपर्ने कानूनको निर्माणद्धारा दिगो शान्ति, सुशासन, विकास, सामाजिक सद्भाव र समृद्धिको आकांक्षा पुरा गर्न आमसञ्चारमाध्यमको भूमिकालाई आत्मासात् गर्दै,

स्थानीय आमसञ्चार माध्यमको समविकास, सञ्चारकर्मीहरुको पेशागत सुरक्षा र सुचनाको पहुँच समुदाय स्तरमा विस्तार गरी सूचनाको हकको सम्मान गर्दै सञ्चारमाध्यमहरुको दर्ता, अभिलेख , नियमन र प्रवर्द्धन गर्न तथा स्वस्थ, मर्यादित, जिम्मेवार, उत्तरदायी, व्यावसायिक र जनमुखी सञ्चार वातावरण निर्माण गर्ने उदेश्यले वीरेन्द्रनगर नगरकार्यपालिकाद्धारा आमसञ्चार नीति, २०८२ जारी गरिएको छ ।

## १. नीतिको आवश्यकताः–

नागरिकको नजिकको सरकार स्थानीय सरकार हो र नागरिकका हरेक आवश्यकता, समस्याहरुसंग स्थानीय सरकार साक्षी हुन्छ । तर नागरिकको पहुँच सँधै सरकारसँग नहुन सक्छ त्यो समयमा सञ्चारमाध्यमहरुले पूलको रुपमा काम गरिरहेको हुन्छ । यस नीतिको आवश्यकता पनि सरकारलाई जवाफदेही बनाउने र नागरिकसम्म सूचनाको पहुँच पुर्याउने नै रहेको छ ।

## २ . आमसञ्चार नीतिका उदेश्यहरुः–

जनताको अभिव्यक्ति स्वतन्त्रताको हकलाई प्रचलन गराई अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई व्यवहारमा लागू गर्ने ।

(क) निर्वाध प्रेस स्वतन्त्रताको अभ्यास एवम् आमसञ्चारमाध्मको अधिकतम उपयोगद्धारा सूचना र ज्ञानको प्रवाह गरी स्थानीय तहलाई सूचना तथा ज्ञानमा आधारित सूचना–समाजमा रुपान्तरण गरी लोकतान्त्रिक समाजको विकास गर्ने ।

(ख) महिला, दलित, जनजाति, अपांगता भएका व्यक्ति, एकल महिला, जेष्ठनागरिक, बालबालिका, यौनिक तथा लैगिंक अल्पसंख्यक, सीमान्तकृत समुदाय र पछाडि परेका क्षेत्र, वर्ग र समुदायको आमसञ्चार क्षेत्रमा प्रतिनिधित्व बढाई क्रियाशिल तुल्याउन प्रोत्साहित गर्ने ।

(ग) सञ्चारमाध्यमलाई स्वनियम र स्वमूल्यांकनका लागि अभिप्रेरित गरी स्वच्छ, स्वस्थ र मर्यादित पत्रकारिताको विकास गर्ने ।

(घ) स्थानीय सञ्चारमाध्यमहरुको दर्ता, अभिलेख, नियमन र प्रवर्द्धन गर्नुका साथै सञ्चारकर्मिहरुको सिप तथा क्षमता अभिबृद्धि गर्ने ।

## ३ आधारभूत नीतिः–

(क) विचार अभिव्यक्ति , पुर्ण प्रेस स्वतन्त्रता र सूचना प्रवाहको स्थापित अन्तर्राष्ट्रिय मूल्य, मान्यता तथा प्रचलन एवम् नेपालको संविधानले आत्मसात् गरेको सिद्धान्त अनुकूल प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निर्वाध प्रयोगका निम्ति आधार तय गरि पुर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितता गरिनेछ ।

(ख) सञ्चारमाध्यमको सत्यता ,निष्पक्षता, विश्वसनीयता, जिम्मेवारी र जवाफदेही वहन गर्ने लक्ष्य अनुरुप घृणा फैलाउने र हिंसालाई बढवा दिने किसिमका सामाग्री प्रवाह गर्न निरुत्साहन गरी स्वच्छ र मर्यादित पत्रकारिताको विकासका निम्ति सञ्चारमाध्यमहरुलाई प्रोत्साहित गरिनेछ ।

(ग) नगरमा सञ्चालित सम्पुर्ण सञ्चार माध्यमहरु नगरपालिका मातहत अनिवार्य सूचितकृत/दर्ता गरिनेछ ।

(घ) सञ्चारक्षेत्रसँग सम्बन्धित विभिन्न कार्यक्रम, तालिम, गोष्ठिका लागि आवश्यक बजेटको व्वस्थापन गरिनेछ ।

(ङ) गरिबि, अशिक्षा, उत्पिडन र अभावबाट ग्रसित नागरिक, महिला, दलित, जनजाती लगायत सिमान्तकृत समुदायको जिवनस्तर उकास्ने लक्ष्यका साथ उद्यमशिलता, स्वावलम्बन र सिर्जनात्मक कार्यलाई अभिप्रेरित गर्दै सार्वजनिक हित, सामाजिक सद्भाव र राष्ट्रिय हितलाई सुदृण गरी आर्थिक, सामाजिक विकासको प्रवर्द्धन गर्ने उदेश्यका साथ काम गरिरहेका छापा, रेडियो, टेलिभिजन, अनलाईन तथा अन्य डिजिटल सञ्चारमाध्यमहरुलाई प्रोत्साहन गरिनेछ ।

(च) नगरपालिकाबाट प्रदान गरिने विभिन्न सन्देशमुलक सुचनाहरुलाई एकद्धार प्रणालीमार्फत स्थानीय लोककल्याणकारी विज्ञापनको नीति लिई वितरण गरिनेछ ।

(छ) महिला तथा सिमान्तकृत समुदायले सञ्चालन गरेका सञ्चारमाध्यमहरुको प्रोत्साहनका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(ज) नगरपालिकाभित्रको विकास निर्माण सम्बन्धी गतिविधिबारे आम नागरिकलाई जानकारी दिन नियमित बुलेटिन , फिचर सेवा, अनलाइन, छापा, रेडियो र टेलिभिजन कार्यक्रम उत्पादन गर्ने सञ्चारमाध्यमहरुलाई प्रोत्साहित गरिनेछ ।

(झ) सञ्चार माध्यमबाट स्थानीय भाषा, संस्कृति, नागरिक आवाज र समावेशी विषयवस्तु प्रशारण, प्रकाशनका लागि प्रोत्साहन गरिनेछ ।

(ञ) सूचनाको पहुँचलाई लक्षित गर्दै नागरिक सूचना प्रणाली विकास गरिनेछ ।

(ट) सञ्चार क्षेत्रको पुर्वाधार विकासमा सहयोग गर्न सकिनेछ ।

(ठ) सञ्चार क्षेत्रमा प्रविधिको प्रयोगलाई विशेष प्रोत्साहन गरिनेछ ।

(ड) कानून उलघंन गर्ने सञ्चारमाध्यमहरुलाई नियमन गरिनेछ ।

(ढ) सामुदायिक तथा सहकारी सञ्चारमाध्यमहरुलाई पत्रकारिताको स्थापीत मान्यताको आधारमा स्वतन्त्र र निष्पक्ष सञ्चारमाध्यमका रुपमा विकसित हुन सक्ने वातावरण सिर्जना गरिनेछ । साथै मापदण्ड बनाई सुविधा र सहुलियत प्रदान गर्न सकिनेछ ।

## ४. विषयगत नीतिः–

### ४.१ नीजि तथा व्यवसायिक प्रशारण,

(क) नगरभित्र सञ्चालित, छापा, एफ.एम. रेडियो, टेलिभिजन , अनलाइन तथा अन्य डिजिटल प्रसारण संस्थाहरुको दर्ता/नविकरण प्रक्रिया प्रचलित कानूनको अधिनमा रहि नगरले तयार गरेको मापदण्ड बमोजिम हुनेछ र विज्ञापन तथा प्रसारण सामाग्रीमा सामुदायिक हित र संवेदनशीलताको सुनिश्चतता गरिनेछ ।

(ख) व्यवसायिक मापदण्ड अनुसार नियमित अनुगमन तथा मूल्यांकन गरिनेछ ।

### ४.२ छापा सञ्चार माध्यम,

(क) नगरमा सूचिकृत वा दर्ता भई सञ्चालन गरिएका पत्रपत्रिका, बुलेटिन र म्यागजिनहरुले नगरहितका विषयवस्तु समावेश गरी प्रकाशन तथा प्रशारण गरेमा प्रोत्साहन गरिनेछ ।

### ४.३ अनलाइन तथा अन्य डिजिटल सञ्चार माध्यम,

(क) अनलाइन समाचार पोर्टलहरुको दर्ता,नवीकरण तथा नियमन गरिनेछ

(ख) फेक न्युज, अभद्र भाषा र अफवाह नियन्त्रण गर्न “स्थानीय तथ्य जाँच संयन्त्र" स्थापना गरिनेछ ।

(ग) अनलाइन सञ्चार माध्यमका सञ्चालक र सञ्चारकर्मीहरुलाई साइबर सुरक्षा र डिजिटल लेखन सम्बन्धी सीप विकासमा जोड दिइनेछ ।

### ४.३ विज्ञापन नीति,

(क) नगरपालिकाबाट प्रदान गरिने विभिन्न सन्देशमुलक सुचनाहरुलाई एकद्धार प्रणालीमार्फत स्थानीय लोककल्याणकारी विज्ञापनको नीति लिई वितरण गरिनेछ ।

(ख) सञ्चारमाध्यमबाहेक नगरको लोगो, नारा तथा सार्वजनिक स्थल प्रयोग गरेर गरिने विज्ञापन नगरपालिकाबाट अनुमतिपत्र प्राप्त गरेपछि मात्र प्रकाशन, प्रशारण तथा टाँस गर्न पाइनेछ । नगरपालिकाले निषेध गरेका स्थानहरुमा कुनैपनि विज्ञापन, सन्देशमूलक सुचनाहरु टाँस गर्न रोक लगाइनेछ ।

(ग) सार्वजनिक हित, जनचेतनामूलक र स्वास्थ्य तथा शिक्षासँग सम्बन्धित सुचनाहरुलाई निशुल्क प्रकाशन तथा प्रशासरणको नीति समेत लिइनेछ ।

## ५. संरचनागत व्यवस्था,

### ५.१ नगर मिडिया काउन्सिल,

(क) सञ्चारकर्मीहरुको पेशागत सुरक्षा र प्रोत्साहनका साथै पत्रकार आचारसंहिता उलंघन गर्ने मिडिया हाउस र सञ्चारकर्मीलाई कार्वाहीका लागि सिफारिस साथै मिडिया नियमन, अनुगमनका लागि एक नगर मिडिया काउन्सिल स्थापना गर्न सकिनेछ ।

### ५.१ मिडिया विकास कोष,

(क) सञ्चार पूर्वाधार विस्तार, उपकरण खरिद, उत्पादन, विभिन्न किसिमका तालिम तथा कार्यक्रम स्थानीय मिडियासँग सम्बन्धित सामाग्री निर्माणमा आर्थिक सहायताका लागि मिडिया विकास कोष स्थापना गर्न सकिनेछ ।

### ५.१ नगर सूचना बैंक,

(क) नगरका सबै सूचना, तथ्यांक, निर्णय , बजेट , कानून ,योजनाहरु एकीकृत डिजिटल प्रणालीमा राख्नका लागि नगर सूचना बैंकको स्थापना गर्न सकिनेछ ।

## ६.विविध,

(क) यस नीतिमा गरिएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्न गराउन विद्यमान कानूनमा समयानुकूल पुनरावलोकन गरी आवश्यकताअनुसार सुधारका साथै अन्य आवश्यक नयाँ कानूनहरु बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

(ख) नीति कार्यान्वयनको जिम्मा नगर कार्यपालिकाको हुनेछ ।

(ग) यस नीति नगर कार्यपालिकाले आवश्यक ठानेमा प्रत्येक दश वर्षमा पुनरावलोकन गरिने छ ।